शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　संख्याः३　　मितिः २०८३/०१/३१

भाग —२

शुद्धोदन गाउँपालिका

मानपकडी, लुम्बिनी प्रदेश

**बाख्रा पैचो कार्यक्रम संचालन निर्देशिका ,२०८३**

प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको कृषि तथा पशु पालन व्यसायलाई व्यवस्थित,मर्यादित एवं व्यवसाय कर रोजगारी मुलक बनाउदै समुह / सहकारि र सामुदायिक बिकास कोष मार्फत साना किसान लाइ बाख्रा पालन मार्फत आयआर्जन गरि गरिबि न्युनिकरण गरि कार्यक्रम संचालन गर्न उद्देश्यले शुद्धोदन गाउँपालिका,मानपकडी,रुपन्देहीले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, खण्ड "ण" को १ सँग सम्वन्धि र शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको आर्थिक बर्ष २०८२/८३ को रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-बमोजिम यो निर्देसिका जारी गरिएको छ ।

## परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम बाख्रा पैचो कार्यक्रम संचालन निर्देसिका ,२०८३

हुनेछ यो कार्यविधि शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देसिका ,

क. "गाउँपालिका" भन्नाले शुद्धोदन गाउँपालिका सम्झनु पर्ने छ ।
ख. "कार्यालय" भन्नाले शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्ने
ग. "शाखा" भन्नाले शुद्धोदन गाउँपालिका स्थानिय बिकास कोष सम्झनु पर्ने छ
घ. "सामुदायिक बिकास कोष" भन्नाले सम्बन्धित शाखामा दर्ता भएको सामुदायिक बिकास कोष लाई सम्झनु पर्ने छ।

३. उद्देश्यहरुः-

क. स्थानिय बिकास कोष बाट संचालन हुने बाख्रा पैचो कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउन।
ख. गाउँसभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने।
ग. बाख्रा पालन को माध्यम बाट युवा युवति हरु लाइ रोजगारि सृजना गर्न सहयोग पुर्याउने।
घ .गाउँपालिकालाई मासुआत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।

ङ. पशु व्यवसायको उधमशिलता प्रबर्धन एवम व्यवसायीकरण गर्नका लागी आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउने सहयोग स्वरुप अनुदान प्रदान गर्न ।

परिच्छेद - २

१. बाख्रा पैचो कार्यक्रम पाउभनिसमुह सदस्यले मुल समितिमा  निवेदन पेस गर्नुपर्नेछ ।

२. गरिब बिपन्न बर्ग लाइ प्राथमिकता मा राखि मुलसमिति को निर्णय अनुसार बाख्रा पालन गर्ने कृषक लाइ लाभग्राहि छनोट गर्नु पर्ने छ।

३. मुलसमितिले  खरि/ जमुनापारि/बारबारि/अजमेरि क्रस जात का कम्तिमा १५ के जि तौत र १० महिना देखि २ बर्ष संम्म उमेर भयका प्रजन्न योग्य दुइ थुन भयको बाख्रा खरिद गरि लाभग्राहि लाइ दिनु पर्ने छ

४.मुलसमितिले पहिलो पटक मात्र बाख्रा को बिमा गरिदिनु पर्ने छ।

५. बाख्रा चोरि भयमा आगलागिमा मरेमा बाडीले बगायमा बिषादि खायर मरेमा वडा कार्यलयको सहमतिमा मुलसमितिको निर्णयमा मिनाह गर्न सकिनेछ

६. बाख्रा पैचो कार्यक्रम बाट बाख्रा लिइ नियम अनुसार बाख्रा नफर्कायमा वा बसाइ सरि गयमा सरकारि बाँबिबकेउता अनुसार मुलसमितिले बचत रकम बाट असुल उपर गर्ने छ ।

७. अनुदानमा पायका बाख्रा को पालन पोषण राम्रो नभयमा भुलसमितिको निर्ण अनुसार कुनैपनि बेला फिर्ता लिइ अर्को सदस्य लाइ दिइने छ

८.बितरण गरियका बाख्रा को उत्पादन र बिक्रि गरेको प्रगति मुलसमिति ले शुद्धोदन गाउँपालिकामा अनिबार्य पठाउनु पर्ने छ

९.बितरण गरियका बाख्रा १ वर्ष संम्म नब्यायमा वडा कार्यलयको सहमतिमा मिनाहा गर्ने निर्णय गर्ने छ

खण्ड १

| सि नं | कार्यक्रम | उद्देश्य | बाख्राको मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | बाख्रा पैचो कार्यक्रम | क.समुहका सदस्य लाइ आत्मसंम्मान बढाई र रोजगारि सृजना गरि बाख्रा पालन बाट गरिबी निवारण गर्न | खरि/ जमुनापारि/बारबारि/अज मेरि क्रस जात का कम्तिमा १५ के जि तौत र १० महिना देखि २ बर्ष संम्म उमेर भयका प्रजन्न | क.बाख्रा पैचो कार्यक्र संचालन गर्ने समयअबधि तथा अन्य क्रियाकलप मुल समिति को निर्णय अनुसार हुनेछ | निःशुल्क |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने | योग्य दुइ थुन भयको बिमा भयका बाख्रा | | |

प्रमाणीकरण मिति :- २०८३/०१/३१

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत